# बगनासकाली राजपत्र

बगनासकाली गाउँपालिका, पाल्पाद्वारा प्रकाशित

वर्ष–७, संख्या ३, मिति २०८०/०९/२९

## भाग १

## बगनासकाली गाउँपालिकाको

## अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८०

–स्वीकृत मिति २०८०/०९/२३

**प्रस्तावना :-** बगनासनकाली गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई संशोधन गर्नका निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक ब्यवस्था गर्न वाञ्छनिय भएकाले नेपालको संविधानको धारा २२८ बमोजिम बगनासकाली गाउँसभाको १५ औं अधिवेशनमा यो विधेयक पेश गरिएको छ ।

**गाउँसभाबाट स्वीकृत : २०८०/०९/२३**

## १. संक्षिप्त नाम र प्रारम्भ :-

(१) यस ऐनको नाम "आर्थिक विधेयक, (पहिलो संशोधन) २०८०" रहेको छ ।

(२) यो ऐन बगनासकाली गाउँपालिका क्षेत्रमा तुरुन्त लागु हुनेछ ।

## २. वहाल विटौरी कर :-

(क) बगनासकाली गाउँपालिका क्षेत्रमा आफुले निर्माण, रेखदेख र सञ्चालन गरेका सार्वजनिक स्थल, ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउछाउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्ग फिटका दरले वार्षिक वहाल विटौरी शूल्क लिइने गरी वहाल विटौरी करको दर कायम गरिएकोमा सिद्धार्थ राजमार्गसँग जोडिएका घर/जग्गाहरु साविकमा व्यक्तिको नाममा दर्ता कायम रही गतवर्षसम्म मालपोत/भूमिकर बुझाउदै आएकोमा हाल सिद्धार्थ राजमार्गको सडक क्षेत्राधिकार भित्र परि सडकको नाउँमा लगतकट्टा भएको हुँदा सडक क्षेत्राधिकार भित्र परेका घर/जग्गाको वहाल विटौरी शूल्कको दर देहाय बमोजिम संशोधन प्रस्ताव निर्णयार्थ पेश भयो ।

**<u>तपसिल :</u>**

(१) सिद्धार्थ राजमार्ग सडकमा पर्ने लगत कट्टा क्षेत्रका आवास प्रयोजनको लागि प्रति वर्ग फिट रु.१।- (एक रुपैयाँ)

(२) सिद्धार्थ राजमार्ग सडकमा पर्ने लगत कट्टा क्षेत्रका व्यवसायिक प्रयोजनको लागि प्रति वर्ग फिट रु.२।- (दुई रुपैयाँ)

(३) गाउँपालिका क्षेत्रभित्रका अन्य सडक मापदण्ड भित्रका आवासी प्रयोजनको

लागि प्रति वर्गफिट रु. ५०।- (पचास पैसा)

(४) गाउँपालिका क्षेत्रभित्रका अन्य सडकमा पर्ने लगत कट्टा क्षेत्रका व्यवसायिक प्रयोजनको लागि प्रति वर्ग फिट रु.१।- (एक रुपैयाँ)

(५) सामुदायिक/निजी वन दर्ता शूल्क रु.१०००।- (एक हजार रुपैयाँ)

(६) खानीपानी ल्याव परीक्षण दस्तुर रु. २००।- (दुई सय रुपैयाँ)

(७) तमसुक/कागजता प्रमाणित दस्तुर साविकको दर रु. ३००।- रहेकोमा संशोधन गरी रु.२००।- कायम गर्ने ।

**आज्ञाले**
**बद्रिनाथ लम्साल**
**प्रमुख प्रशासकीय अधिकृत**